# भाग ५

## नेपाल सरकार

## ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको

## सूचना

नेपाल सरकार, मन्त्रिपरिषद्ले देहाय बमोजिमको निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) इनरुवा-पूर्णीया ४०० के. भि. अन्तरदेशीय प्रसारण लाइन तथा दोदोधारा-बरेली ४०० के. भि. अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्न नेपाल विद्युत प्राधिकरण र भारतको पावर ग्रिड कर्पोरेशन अफ इण्डिया लिमिटेडको संयुक्त लगानीमा नेपाल तथा भारत दुवै भूमिमा दुईवटा संयुक्त कम्पनीहरु स्थापना गर्ने र नेपाल विद्युत प्राधिकरणबाट नेपालमा स्थापना हुने संयुक्त कम्पनीमा एक अर्ब रुपैयाँ र भारतमा स्थापना हुने संयुक्त कम्पनीमा दुई अर्ब रुपैयाँ बराबरको स्वपूँजी लगानी गर्ने।

(ख) नेपालमा स्थापना हुने संयुक्त कम्पनीमा नेपाल विद्युत प्राधिकरणको आन्तरिक स्रोतबाट स्वपूँजी लगानी गर्ने।

(ग) विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ को दफा ३ को उपदफा (२) बमोजिम भारतमा स्थापना हुने संयुक्त कम्पनीको लगानीमा छुट दिने ।

**आज्ञाले,**
**चिरञ्जीवी चटौत**
**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.१५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।